# प्रमुख शब्दहरु: सहायक सामाग्रीहरु को परिचय

| शब्द | परिभाषा | चित्र |
|---|---|---|
| **कान पछाडी राख्ने श्रवण यन्त्र** | कान पछाडी राख्ने श्रवण यन्त्र तपाईंको कानको माथिल्लो भागमा अडकाएर कागको पछाडी अड्याईन्छ । एउटा नलीले यन्त्रलाई नापेर बनाईने भाग सँग जोडेको हुन्छ जसलाई ईएर मोल्ड (earmould) भनिन्छ, जुन तपाईंको कान नली (ear canal) मा फिट गरिन्छ । |   |
| **क्याथेटर (पिसाब निकाल्ने पाईप)** | मुत्राशय बाट पिसाब  निकाल्न प्रयोग हुने एउटा नरम पाईप। जुन व्यक्तिहरुले बिना सहायता वा स्वेच्छाले आफ्नो मुत्राशय खालि गर्न सक्दैनन् उनिहरुले यसको प्रयोग गर्छन् । |  |
| **कमजोर** | कमजोर, नाजुक तथा कम शक्ति भएको, प्रायः मानिसहरुको उमेर ढल्दै जाँदा र स्वास्थ्य बिग्रँदै जाँदा हुने गर्छ । | |
| **दिसापिसाब चुहिने** | जब व्यक्तिलाई स्वेच्छाले मुत्रासय वा दिसामा नियन्त्रण गर्न गार्हो वा असमर्थ हुन्छ । | |
| **बोल्ने तथा / वा स्पर्श गर्ने घडी** | आवाज सहित समय बताउने घडी |   |
| **पेशाकर्मी** | सेवा गर्ने तथा संस्थामा काम गर्ने ब्यक्ति | |
| **रोलेटर** | चार पाङ्ग्रे वाकर |  |
| **मस्तिष्कघात** | मस्तिष्कमा रक्त प्रवाह अवरुद्ध हुने। यसले शरीरको एक भाग कमजोर वा पक्षाघात हुनुका साथै बोल्न, महसुस गर्न, सोच्न र हेर्नमा समस्या ल्याउन सक्छ। | |
| **विश्व स्वास्थ्य संगठनको प्राथमिकता सहायक सामाग्री सूची** | यो विश्व स्वास्थ्य संगठनद्वारा रचना गरिएको प्राथमिकता सहायक सामाग्री सूची हो । अन्य देशहरुले आफ्नै राष्ट्रिय प्राथमिकता सहायक सामाग्री सूचीको बिकास गर्न प्रयोग गर्न सक्ने मोडेल हो। | |

| | | |
|---|---|---|
| **बाल मस्तिष्क पक्षघात** | ब्यक्तिको चाल, मांसपेशीको टोन, सन्तुलन र शरिरको पोस्चर लाई असर गर्ने अवस्थाहरूको समूह। बाल मस्तिष्क पक्षघात भनेको जन्म हुनु अघि, जन्मेको समयमा वा जन्म लगत्तै मस्तिष्कमा हुने क्षतिको परिणाम हो। | |
| **डाउन सिन्ड्रोम** | कुनै व्यक्ति यी अवस्थाका साथ जन्मिन सक्छन् । डाउन सिन्ड्रोमले केही स्वास्थ्य, विकास र संज्ञानात्मक (अनुभुति) मा कठिनाइहरू निम्त्याउन सक्छ। डाउन सिन्ड्रोम भएका व्यक्तिहरूमा विशेष शारीरिक लक्षणहरु हुन सक्छन्। | |
| **मेरुदण्डको पक्षघात** | मेरुदण्डमा हुने क्षति, जुन सामान्यतया दुर्घटना वा रोगको कारणले हुन्छ। मेरुदण्डमा चोट लागेपछि, शरीर र मस्तिष्क बीचको सन्देशहरू पुग्न सक्दैनन्। प्रायः व्यक्तिलाई एक ठाउँ बाट अर्को ठाउँ सर्न सक्दैनन् (पक्षाघात हुन्छ) र चोट परेको भाग भन्दा तल महसुस गर्न सक्दैनन् । | |